कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

विषय :- बिटौरीकर (हाट बजार कर) ठेक्काबाट उठाउने कार्यको बोल-पत्र आव्हान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशन मिति २०७७/०३/१६ गते ।

यस कमलामाई नगरपालिका वडा नं.९ स्थित इनारपानीमा प्रत्येक शुक्रवार लाग्ने हाटको (बिटौरीकर) हाटकर र वडा नं. ६ प्लट नं. २ माढीबजारको पश्चिम पट्टी प्रत्येक शनिबार लाग्ने हाटमा आ.व. ०७७/०७८ को लागि ठेक्का प्रथाबाट हाट बजार कर संकलन गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना देहायको शर्तको अधिनमा रही रीतपूर्वक गोप्य शिलवन्दी बोलपत्र पेश गर्न हुन सूचित गरिन्छ ।

१.इच्छुक-व्यक्ति फर्म, वा संस्थाले सूचना प्रकाशित मितिले १५(पन्ध्रौं) दिनको कार्यालय समय सम्म नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र फर्म, वा संस्थाको हकमा दर्ता प्रमाण -पत्रको प्रतिलिपि आ.व. २०७५/०७६को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि लगायतका कागजात संलग्न गरी निवेदन साथ रु.१०००।-(एकहजार) फिर्ता नहुने गरी बुझाई यस क.न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व उप- शाखाबाट बोपत्र -पत्र मिति २०७७/०३/३० गते सम्म खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन ( मिति २०७७/०३/३१ गते) दिनको १२:०० बजे भित्र गोप्य शिलवन्दी बोल-पत्र क.न.पा., कार्यालय सिन्धुलीमा दर्ता गराउनु पर्नेछ । तोकिएको समय भित्र दर्ता हुन आएका बोल-पत्रहरु क.न.पा., कार्यालय, सिन्धुलीमा सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहावरमा क.न.पा., कार्यालयमा खोलिनेछ । बोल-पत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोल-पत्र साथ आफुले कबुल गरेको अंकको ५% का दरले हुन आउने रकम यस कार्यालयको रा.बा.बैंक सिन्धुली स्थित धरौटी खाता नं.१०६००३०३००००३ (ग-३) धरौटीमा जम्मा गरेको सक्कल भौचर वा वाणिज्य बैंकबाट १२० दिनको मान्य अवधि भएको बैंक जमानत संलग्न गरी आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखी सहीछाप गरी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. बोलपत्रदाताले नगरपालिकाको स्वीकृत आर्थिक ऐनको अनुसुचि-७ मा उल्लेख भए बमोजिमको दररेटमा मात्र रकम असुल गर्न पाउनेछ ।

५. बोल-पत्र बिक्री, दर्ता वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सो कार्य गरिनेछ ।

६. बिटौरीकर (हाटकर) ठेक्का लिने बोलपत्रदाताले क.न.पा. ९ भिमानको इनारपानीमा शुक्रवार र क.न.पा. ६ मा शनिवार बाहेक अन्य दिन रकम उठाउन पाउनेछैन ।

७. बिबिध कारणले हाट नलागेमा हाटकर मिनाहाको लागि दावी गर्न पाइने छैन् ।

८. बोल-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

९.ठेक्का स्वीकृत हुने बोल-पत्रदाताले ७ (सात) दिन भीत्र आफुले कबोल गरेको अंक बराबरको अग्रिम नगद भुक्तानी वा कबोल अंकलाई तीन किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा र अन्य किस्ता प्रत्येक चौमासिकको शुरुमा बुझाउनुपर्नेछ । सम्झौता गरेको प्रथम किस्ता रकम मात्र बुझाएको अवस्थामा बाँकी रकम बारवारको २०७८ साल श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गरी तोकीएको समयावधि भित्र ठेक्का सम्झौता गर्नु पर्ने छ । अन्यथा धरौटी जफत गरिनेछ । म्याद भित्र किस्ता रकम नबुझाएमा उक्त तिर्न बाँकी रकममा न.पा. ले १०% का हिसावले थप जरिवाना लिनेछ ।

१०.अग्रिम एकमुष्ट ठेक्का कबुल रकम बुझाएमा कूल रकमको ५%ले हुन आउने रकम छुट दिईनेछ ।

११. भिमानमा लाग्ने शुक्रवारको हाट र माढीबजारमा लाग्ने शनिबारको हाटको लागी छुट्टा-छुट्टै बोलपत्र खरिद गर्नु पर्नेछ र दर्ता समेत अलग- अलग रुपमा गर्नु पर्नेछ । एक बोलपत्रदाताको नाममा खरिद भएको बोलपत्र अर्कोको नाममा दर्ता गर्न पाइने छैन ।

१२. क.न.पा.६ स्थित हाटबजारमा निर्माण भएको पसल कवल भाडामा लिने व्यक्तिले शनिबारको हाटकर ठेकेदारलाई तिर्नु पर्नेछ ।

१३. अन्य कुरा प्रचलित आर्थिक ऐन, नियम अनुसार हुनेछ भ्याटकर तिर्नु पर्ने भएमा ठेकेदार आफैले तिर्नु पर्नेछ । विस्तृत कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१४.हाटकरको न्युनतम अंक:

(क) क.न.पा. ६ मा शनिवार लाग्ने हाटको लागि रु. ८५५५००।- (आठलाख पचपन्न हजार पाँच सय) रहेको छ ।

(ख) क.न.पा.०९, भिमान इनारपानीमा शुक्रवार लाग्ने हाटको लागि रु.५५००००।-(पाँचलाख पचास हजार ) रहेको छ ।

१५. हाटकरकोसूचना सम्बधमा थप कुरा बुझ्नु पर्ने भएमा नगरपालिकाको वेभ साईड www.kamalamaimun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

## हाट बजार विटौरी करको दर :-

आ.व.०७७/०७८

| सि.नं. | मालसामानको विवरण | दर |
|---|---|---|
| १. | खसी वोका गोटा १ को | ५०.०० |
| २. | कुखुरा प्रतिगोटा | १०.०० |
| ३. | राँगाकाटी वेच्ने सँग प्रति गोटा १ को | ३००.०० |
| ४. | सुगुर /वंगुर काटी वेच्ने सँग प्रति गोटा १ को | २००.०० |
| ५. | सुगुर वंगुर प्रति गोटा | ५०.०० |
| ६. | राँगा भैसीको छाल १को | १००.०० |
| ७. | आलो माछा तथा सुकेका माछा प्रति पसल | ७०.०० |
| ८. | पहाड वाट ल्याउने आलु,प्याज र अदुवा भारी १को | २०.०० |
| ९. | अम्वा, आरु, लिचि र भुरुवखडा भारी १को | १०.०० |
| १०. | तरकारी पसल | ५०.०० |
| ११. | काक्रो, मेवा, पिडालु, सखरखण्डा दोकान १ को | १०.०० |
| १२. | खुर्सानी , अदुवा, लसुन, वेसार गुन्द्रुक दोकान १ को | १०.०० |
| १३. | काउली कटहर रुखकटहर भारी १ को | २०.०० |
| १४. | वोडी, मास, मस्याङ्ग, भटमास, वदाम र केराउ प्रति पसल १ को | ५०.०० |
| १५. | आँप,नास्पाति, जुनार, सुन्तला र आँटी भारी १को | २०.०० |
| १६. | स्कुस,फर्सि, लौका साग र तोरिङ्ग भारी १ को | १०.०० |
| १७. | उखु, निवुवा, भोगटे, कागती भारी १ को | १०.०० |
| १८. | मकै,गहूँ कोदो, चिउरा , चामल फापर र तोरी प्रति पसल १ को | ५०.०० |
| १९. | घीउ प्रति किलो | १०.०० |
| २०. | हजाम पसल १ को | ५०.०० |
| २१. | छाता जुत्ता लाईटर मर्मत दोकान १ को | ३०.०० |
| २२. | फलाम र फलामवाट वनेका कृषि र घरेलु सामान पसल, आरण , साध लगाउने दोकान १को | ५०.०० |
| २३. | औषधि वा जडीवुट्टि दोकान १ को | ५०.०० |
| २४. | वाँसको डालो, नाङ्लो, चाल्नो, मान्द्रो डोको तथा वाँसवाट वनेको सामान पसल १ को | २०.०० |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २५. | पाटको दाम्लो, नाम्लो, बरियो लगायत पाट बाट बनेको सामान पसल १को | १५.०० |
| २६. | चिराइतो र सिन्कौली तथा कुरिलो भारी १ को | ५०.०० |
| २७. | बजारमा रोटी पकाई बेच्ने दोकान १ को | ५०.०० |
| २८. | बजारमा मिठाई पकाई बिक्रीगर्ने दोकान १ को | ५०.०० |
| २९. | राडीपाखी गलैंचा दोकान १ को | १००.०० |
| ३०. | बजारमा मनोरञ्जन देखाउने दोकान १ को | २००.०० |
| ३१. | लता कपडा पसल १ को | १००.०० |
| ३२. | मिठा,सखर दोकान १ को | ३०.०० |
| ३३. | किराना पसल १ को | १००.०० |
| ३४. | भाडाकुडा पसल १ को | २००.०० |
| ३५. | औंठी लगायत धातुका गहना पसल १ को | ५०.०० |
| ३६. | चुरा तथा मनिहरा पसल १ को | ५०.०० |
| ३७. | जुत्ताचप्पल पसल १ को | १००.०० |
| ३८. | चटपट्टे पसल १को | १००.०० |
| ३९. | सटरमा पसल राख्ने पसल १को | १५०.० |
| ४०. | बरक पसल १ को | ३०.०० |
| ४१. | माथि उल्लेख नभएको अन्य किसिमका पसल १ को | ५०.०० |

हाट बजार विटौरी कर असुली क्षेत्र: नगरपालिका क्षेत्र भित्र लाग्ने साप्ताहिक हाटमा मात्र ।

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत